आज मिति २०७६/८/२३ गते सोमबारका दिन बिहान ८.०० बजे यस इच्छाकामना गाँउपालिकाका अध्यक्ष श्री गिता कुमारी गुरुङगज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको ६२ औ बैठक बस्यो । आजको बैठकको उपस्थिति एवं निर्णय तपसिल बमोजिम रहेको छ ।

| दस्तखत | नामथर | पद |
|---|---|---|
| | गीता कुमारी गुरुङग | गा पा अध्यक्ष |
| | कृति कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष |
| | श्री नन्दलाल गिरी | वडा अध्यक्ष वडा नं. १ |
| | श्री पन्च व प्रजा | वडा अध्यक्ष वडा नं. २ |
| | श्री गोर्वद्धन अधिकारी | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री होम व राना मगर | वडा अध्यक्ष वडा नं. ४ |
| | मोदराज सिलवाल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भुपेन्द्र प्रजा | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री बम व थापा मगर | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री सावित्री गुरुङग | कार्यपालिका सदस्य महिला |
| | श्री निर्मला श्रेष्ठ | कार्यपालिका सदस्य महिला |
| | श्री मन कुमारी सुनार | कार्यपालिका सदस्य दलित |
| | श्री दमन कुमारी चेपाङग | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री भद्र व प्रजा | कार्यपालिका सदस्य |
| | श्री मन व प्रजा | कार्यपालिका सदस्य |
| | श्री बलराम त्रिपाठी | का बा वडा अध्यक्ष वडा नं. ५ |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विनोद अर्याल | अधिकृत लेखा |

प्रस्तावहरु

१ वडा नं २ मा मिति २०७६।०८।२१ गते घटेको घटना सम्बन्धमा ।

२ वडा कार्यालयहरुको केन्द्र र भवन निर्माण सम्बन्धमा ।

३ सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं १

यहि मिति २०७६।०८।२१ गते साँझ करिब ६.०० बजेको समयमा वडा नं २ को कार्यालयको साविकको वडा केन्द्र वर्लाङ्गमा रहेका फोटोकपी मेशिन, कुर्ची, टेवल लगायत सामानहरु अस्थायी काम चलाउ अफिसको रुपमा रहेको हपनी सामुदायिक भवनमा लैजान भनी निकाल्दै गरेको अवस्थामा वडा नं २ का वडाध्यक्ष पञ्च बहादुर चेपाङ्ग लगायतका वहाँका सहयोगीहरुमाथि भएको सांघातिक हमला र दुर्व्यवहारप्रति यस ईच्छाकामना गाउँपालिका गाउँ कार्यपालिका घोर भर्सना र निन्दा गर्दै यस कार्यमा संलग्नहरुलाई कानून बमोजिम कडा भन्दा कडा कार्यवाहीको व्यवस्था लागि जोडदार रुपमा माग गर्ने निर्णय गरियो । सो सम्बन्धमा यस बैठक पछि विज्ञप्ती जाती गरी पत्रकार सम्मेलन गर्ने समेत निर्णय गरियो । उक्त घटनाको छानबीन गरी प्रतिवेदन पेश गर्ने समिति बनाउनका लागि भोलि मिति २०७६।०८।२३ गते १२।१५ बजे सर्वदलीय सर्वपक्षीय भेला गर्ने निर्णय गरियो ।

### निर्णय नं २

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५ को उपदफार ३ बमोजिम आगामी गाउँसभाबाट पारित गर्ने प्रयोजनका लागि तपसिल बमोजिमका वडा कार्यालयहरुको केन्द्र तपसिल बमोजिम तोकने निर्णय गरियो ।

**वडा नं १**

यस गाउँपालिकाको वडा नं १, को वडा कार्यालयको केन्द्र हातीबाङ्गस्थित साविकको गाविस भवनमा राखे निर्णय गरियो । उक्त स्थानमा रहेको भवनको सामान्य मर्मतसम्भार, विधुत एवं इन्टरनेटको व्यवस्थाका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**वडा नं २**

यस गाउँपालिकाको वडा नं २, को वडा कार्यालयको केन्द्र माझ काउलेमा (सामुदायिक स्वास्थ्य सेवा केन्द्रको नजिकै) राखे निर्णय गरियो । उक्त स्थानमा तत्काल भवन निर्माण कार्य आरम्भ गर्ने निर्णय गरियो । भवन निर्माण कार्य सम्पन्न नहुँदासम्म सामुदायिक स्वास्थ्य सेवा केन्द्र माझकाउलेबाट सेवा प्रवाह गर्ने निर्णय गरियो ।

वडा नं ३

यस गाउँपालिकाको वडा नं ३, को वडा कार्यालयको केन्द्र तोक्ने सम्बन्धमा यस अघि पनि पटक पटक छलफल हुँदा पनि तोक्न नसकी गाउँपालिका केन्द्रको एक कोठामा मात्र सिमित राखी सञ्चालन गरिदै आएकोमा वडाका जनतालाई सेवाप्रवाहमा परेको असुविधालाई ध्यानाकर्षण गर्दै सम्बन्धित वडासमितिको कार्यालयले सरोकारवालाहरु समेतसँग छलफल र समन्वय गरी १५ दिन भित्र चुम्लिङ्ग, पिस्लिङ्ग वा अन्य कुनै स्थानमा स्थायी रुपले भवन निर्माणको मापदण्ड अनुसार करिब ३ किठ्ठासम्मको जग्गा उपलब्ध गराउनको लागि गाउँपालिकामा सिफारिश गर्ने र हाललाई अस्थायी रुपमा वडा नं ३ को चुम्लिङ्गबजारमा घरभाडामा लिइ वडा कार्यालय सञ्चालन गर्ने, उपयुक्त स्थानमा घर भाडामा नपाएमा दिपेश स्मृति भवनबाट वडा कार्यालय सञ्चालन गर्ने निर्णय गरियो ।

वडा नं ४

यस गाउँपालिकाको वडा नं ४, को वडा कार्यालयको केन्द्र कुरिनटारमा राख्ने निर्णय गरियो । कार्यालय भवनको अर्को व्यवस्था नभएसम्म गाउँपालिकास्थित हाल वडा कार्यालय सञ्चालनमा रहेको स्थानबाट सेवा प्रवाह गर्ने निर्णय गरियो ।

वडा नं ५

यस गाउँपालिकाको वडा नं ५, को वडा कार्यालयको केन्द्र मुग्लिनमा राख्ने र जग्गा एवं भवनको व्यवस्था नभएसम्म मुग्लिनस्थित त्रिवेणी वराह माविसँगै रहेको श्रोतकेन्द्र भवनमा वडा कार्यालय राखी सेवाप्रवाह गर्ने निर्णय गरियो ।

वडा नं ६

यस गाउँपालिकाको वडा नं ६, को वडा कार्यालयको केन्द्र विगतदेखी जलविरेमा घरभाडामा लिई सञ्चालन हुदै आईरहेकोमा उक्त स्थानमा स्थायी भवन निर्माणको लागि भवन मापदण्ड बमोजिम करिब २ देखी ३ कठ्ठा जग्गा उपलब्ध गराउन स्थानीय सरोकारवालाहरुसँग छलफल र समन्वय गरी गाउँपालिकालाई सिफारिश गर्न वडा समितिलाई निर्देशन दिने निर्णय गरियो । सो स्थानमा जग्गा उपलब्ध गराउन नसकेमा चनौटे वा एक्राङ्गमा जग्गा उपलब्ध भएमा सोही स्थानमा वडा कार्यालयको केन्द्र तोक्ने निर्णय गरियो ।

वडा नं ७

यस गाउँपालिकाको वडा नं ७, को वडा कार्यालयको केन्द्र सिमलढापमा राख्ने निर्णय गरियो । उक्त स्थानमा तत्काल भवन निर्माण कार्य आरम्भ गर्ने एवं भवन निर्माण नहुँदासम्म हाल वडा कार्यालय सञ्चालन गरिएको स्थानबाटै सेवा प्रवाह गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यस गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई चालु आ व को दोस्रो किस्तादेखी बैंक मार्फत भत्ता वितरण गर्ने र सो प्रयोजनका लागि यस गाउँपालिकालाई कार्यक्षेत्र बनाएका निम्न बैंकहरुलाई निम्न वडा तोक्ने निर्णय गरियो ।

वडा नं १ र ३ – माछापुच्छ्रे बैंक कुरिनटार

वडा नं २ – प्रभु बैंक कुरिनटार

वडा नं ४ र ७ – ग्लोबल आइएमई बैंक कुरिनटार

वडा नं ५ र ६ – गरिमा विकास बैंक कुरिनटार

**निर्णय नं ४**

यस गाउँपालिका अन्तर्गत वडा नं ५ मा पर्ने पामडाडा स्वास्थ्य चौकीमा मिति २०७६।०८।१४ गते शनिवार गाउँपालिकाद्वारा आयोजिति भएको स्वास्थ्य शिविरका लागि रु खाना खाजा खर्च वापतको रकम गाउँपालिका चालु खर्च शिर्षकको कार्यक्रम खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५**

यस गाउँपालिका अन्तर्गत वडाका विभिन्न वडाहरुमा निजी तथा सार्वजनिक स शुल्क पार्किङ्गको व्यवस्था गर्न स्वीकृति पाउँ भनि निवेदन पर्न आएकाले तपसिल बमोजिमको दरभन्दा बढी शुल्क नहुने गरी पार्किङ्गको अनुमती दिने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| बस | रु ५० |
| ट्रक | रु १०० |
| जिप कार भ्यान म्याजिक | रु ५० |
| मोटरसाइकल | रु १० |

**निर्णय नं ६**

यस गाउँपालिकाको सूचना प्रविधि अधिकृतको मासिक तलबमध्ये २५ प्रतिशत रकम गाउँपालिकाको चालु खर्च तर्फको करार कर्मचारीहरुको तलब भत्ता शीर्षकबाट बाँकी रकम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त हुने रकमबाट भुक्तानी दिने निर्णय गरियो । साथै गाउँपालिकामा बिहान बेलुका एवं बिदाको समयमा काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिकाको वडा नं ७ मा सञ्चालित भालुमारा पिच अल्याको काम गत आव देखी शुरु भई चालु आवमा सम्पन्न भई भुक्तानीको लागि माग भई आएको र अनुगमन गर्दा समेत उपयुक्त दखिएकोले सम्पूर्ण उत्तरदायित्व कार्यपालिकामा रहने गरी विनियोजित बजेट रकम रु ३००००००। तीस लाख र उपभोक्ताको नगद सहभागिता तर्फको रकम रु ४०२१५१ ।०१८ पैसा चार लाख दुइ हजार एक सय एकाउन पैसा जिरो एक मात्र गरी जम्मा रकम रु ३४०२१५१।०१८ नियमानुसारको कन्टिन्जेन्सी र कर काटी भुक्तानी दिने निर्णय गरियो।